कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, खोटाङ

दिक्तेल, नेपाल

प.सं. : ०८२/८३

च.नं. : ११७४

मितिः २०८३/०१/१४

**<u>विषयः सम्पूर्ण सरोकारवाला आम उपभोक्ताहरुमा हार्दिक अपिल ।</u>**

प्रस्तुत विषयमा यस पूर्वाधार विकास कार्यालय, खोटाङबाट चालु आ.व. २०८२/८३ मा स्वीकृत विकास निर्माणका आयोजनाहरुको ठेक्का प्रक्रिया पुरा गरि हाल १२३ वटा आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । यस कार्यालयको स्वीकृत दरबन्दी मध्ये कार्यालय प्रमुख सहित जम्मा ५ जना मात्र स्थाई प्राविधिक कर्मचारीहरु साथै बहुवर्षीय आयोजनाहरु र केहि ठुला लागतका आयोजनाहरुमा फिल्ड सुपरभाइजरहरु रहेका छन् । यस कार्यालयबाट खटिइएका कर्मचारीहरुले विभिन्न आयोजनाहरुको नियमित अनुगमन र गुणस्तर नियन्त्रण गरिरहेको अवस्था रहेको छ यधपी सिमिति जनशक्तिले सम्पूर्ण आयोजनाहरुमा हरेक समय उपस्थित हुन नसकिने बाध्यता रहन्छ । कार्यालयसँग भएको निर्माण सम्झौता बमोजिम तोकिएको मापदण्ड र गुणस्तर बमोजिम निर्माण कार्य सम्पन्न गरि कार्यालयलाई हस्तान्तरण गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको नै रहन्छ । आर्थिक वर्षको अन्त्यमा आयोजनाहरुको फरफारकमा कर्मचारीहरु व्यस्त रहने र हरेक आयोजनामा निरन्तर वसी रहन सम्भव नहुने हुँदा उक्त समयमा निर्माण कार्यको गुणस्तरमा कमि आउन नदिन आफ्नो टोल, वस्ती तथा घर गाउँमा यस कार्यालयबाट संचालनमा रहेका आयोजनाहरुको गुणस्तरमा कुनै किसिमको कमि कमजोरी, लापरवाही पाइएको देखिएमा यस कार्यालयबाट तपशिल बमोजिम उपलब्ध गराइएको आधिकारिक सम्पर्क नं. र Whats' app नम्बरमा फोटो, भिडियो सहित जानकारी गराईदिनुहुन सम्पूर्ण आम-उपभोक्ता समुहमा पूर्वाधार विकास कार्यालय, खोटाङ हार्दिक अपिल गर्दछ । प्राप्त हुने गुनासोहरुका सम्वन्धमा तत्काल कार्यालयबाट कर्मचारी खटाई निर्माण व्यवसायीलाई त्रुटी सच्याएर गुणस्तरीय काम गर्न लगाइने प्रतिवद्धता समेत गर्दछौं ।

<u>तपशिलः</u>

पूर्वाधार विकास कार्यालय, खोटाङ — फोन.नं. :- ०३६-५९०५०१

सूचना अधिकारी, ई. श्री रजत पोखरेल — फो.नं. :- ९८५२८५२३०१

Whats' app नं. :- ९८५२८५२३०१

पूर्वाधार विकास कार्यालय, खोटाङ

कोशी प्रदेश, दिक्तेल